तथा निरीक्षण गरी त्यसको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने र अभिलेख राख्ने प्रभावकारी पद्धतिको विकास गर्ने ।

११. जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादन भएका काम कारवाही कानून अनुरूप भए नभएको सम्बन्धमा पुनरावेदन सरकारी वकील कार्यालय मार्फत आवश्यक जानकारी लिने र मातहतका कार्यालयको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन र स्रोत साधन लगायतका विषयमा पुनरावेदन सरकारी वकील कार्यालयबाट सिफारिस लिने परिपाटिको व्यवस्था गरी पुनरावेदन सरकारी वकील कार्यालयको भूमिका र उत्तरदायित्व वृद्धि गर्ने ।

१२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका गम्भीर प्रकृतिका मुद्दाको अनुसन्धान र मुद्दाको सुनुवाइ गर्ने अधिकार निकुञ्जका कर्मचारीलाई तोकिएको छ । अपराधको गाम्भीर्यता, कसूर एवं सजाय अनुसार प्रस्तुत क्षेत्राधिकार ऐनको दफा ३१(१) बमोजिम जिल्ला अदालतलाई तोक्न र उक्त ऐनमा मुद्दामा म्याद थप सम्बन्धी व्यवस्था नभएको हुँदा स्पष्ट कानूनी व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालयले विशेष पहल गर्ने ।

१३. महान्यायाधिवक्ताको कार्यालत तथा मातहतका सरकारी वकील कार्यालयहरूको काम कारवाहीहरूलाई दक्षतायुक्त, चुस्त, दुरुस्त, छिटोछरितो, प्रभावकारी र पारदर्शी बनाउन तथा मातहत कार्यालयमा सर्वोच्च अदालतका फैसलाहरूको शीघ्र जानकारीका लागि महान्यायाधिवक्ता कार्यालय र मातहत कार्यालयहरूलाई विद्युतीय सञ्जाल (Computer Network) मा आवद्ध गर्न महान्यायाधिवक्ताको कार्यालयले आवश्यक प्रबन्ध गर्ने ।

१४. कानूनको निर्माण प्रक्रियामा कार्यपालिका मस्यौदाको तहमा संलग्न हुने र त्यस्ता कानून पारित गर्न व्यवस्थापिकाको संलग्नता हुने कुरामा विवाद छैन । हाल व्यवस्थापिका संसदमा विचाराधीन रहेका संहिताहरू (चार वटा) विधेयकहरूका व्यवस्थामा कतिपय समितिहरूको व्यवस्था रहेको र त्यस्ता समितिका सदस्यहरूमा सर्वोच्च अदालतको न्यायाधीश रहने व्यवस्था भएको हुँदा त्यस्ता व्यवस्थाले विधायिकी कार्यमा दोहोरोपन (Duplication) देखिने र शक्ति पृथकीकरणको सिद्धान्त समेतको अनुकूल नहुने भएबाट त्यस्ता व्यवस्था नरहुन भन्ने मान्यता राख्दै त्यस्ता विषयमा महान्यायाधिवक्ताको भूमिका सुनिश्चित गर्ने ।

१५. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ बाहेकका मुद्दाहरूमा अनुसन्धान तथा अभियोजन र मुद्दा हेर्ने समेत दुबै कार्य एउटै निकाय (अर्ध न्यायिक) ले गर्ने परिपाटी फौजदारी न्यायको आधारभूत मान्यता प्रतिकूल हुन् भन्ने कुरामा विश्वस्त हुँदै यस्तो व्यवस्थामा आवश्यक पर्ने सुधारको लागि महान्यायाधिवक्ताको कार्यालयले पहल गर्ने ।

१६. महान्यायाधिवक्ताको कार्यालयमा निम्न अनुसारका संरचनागत सुधार गर्ने :

(क) नेपालको हक हित र सरोकार रहेको विषयमा अन्तर्राष्ट्रिय स्तरमा वा अन्य देशमा प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको कार्यालयमा एक अन्तर्राष्ट्रिय प्रतिरक्षा इकाईको गठन गर्ने ।

(ख) संपत्ति शुद्धीकरण लगायत सवै संगठित अपराधको सुदृढ प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको कार्यालयमा एक इकाई गठन गर्ने त्यसले प्रतिरक्षाका साथसाथै प्रस्तावित अभियोजन प्रशिक्षण केन्द्रको समन्वयमा आवश्यक प्रशिक्षण गर्ने ।

(ग) फौजदारी अपराध एवं न्यायसँग सम्बन्धित ऐन नियमहरू सरकारले प्रस्ताव गर्नु पूर्व महान्यायाधिवक्ताको कार्यालयमा छलफल भई महान्यायाधिवक्ताको कार्यालयको मत अभिलेखन गरी विधेयक समितिमा प्रस्तुत गर्ने प्रणालीको विकास गर्ने र विधेयक समितिमा महान्यायाधिवक्ता/नायव महान्यायाधिवक्ताको नेतृत्वमा समूहगत प्रतिनिधित्व गर्नु पर्ने ।

(घ) सम्पत्ति शुद्धीकरण सम्वन्धी विषयवस्तुलाई हाल कायम रहेको समन्वय समितिमा समावेश गर्ने ।

१७. महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयका गतिविधिहरू जस्तैः मुद्दा पुनरावेदन गर्ने, नगर्ने, निकासा आदि प्रकाशन गर्ने गरी मासिक बुलेटिन र कानूनशास्त्रीय सिद्धान्तहरूको बहस छलफलका लागि त्रैमासिक पत्रिका (जर्नल) प्रकाशन गर्ने ।

१८. महान्यायाधिवक्ताको कार्यालयबाट माग गरिए बमोजिम केही दिन पहिले नेपाल सरकारले सरकारी वकीलहरूलाई प्रोत्साहन भत्ता दिने निर्णय गरेको जानकारी प्राप्त भएबाट सरकारलाई धन्यवाद ज्ञापन गर्दै २०६८।०४।०१ बाट लागू हुने गरी मेरिटवेष्ड प्रोत्साहन भत्ता प्रणाली विकास गरी पेश गर्ने ।

१९. सरकारी वकीलबाट प्रदान गरिने सेवालाई व्यावसायिक र प्रभावकारी बनाउन गत वर्षको केन्द्रीय सम्मेलनबाट पारित भएको सरकारी वकीलको नियुक्ति, सेवाका शर्त र सुविधा सम्वन्धी ऐनको मसौदालाई पुनरावलोकन गरी यथाशीघ्र नेपाल सरकार मार्फत व्यवस्थापिका समक्ष पेश गर्ने ।

DO NOT COPY
Property of OAG